फोनः ०५६-४१०१२२/४१०१११
इमेलः info@ichchhakamanamun.gov.np
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं. १३६०

मितिः २०८०।११।१४

विषयः आधारभूत तह (कक्षा ८) परीक्षाको **EMIS मा** फाराम भर्ने सम्बन्धी सूचना।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
इच्छाकामना गाउँपालिका, कुरिनटार।

आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा उप-समितिको मिति २०८०।११।१४ गतेको निर्णयानुसार आधारभूत तह (कक्षा ८ उत्तीर्ण परीक्षा २०८० को प्रयोजनका लागि यस गाउँपालिका अन्तर्गत कक्षा-८ सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूले आफ्नो विद्यालयमा कक्षा-८ मा अध्ययनरत विद्यार्थीको विवरण पछि सम्म फरक नपर्ने गरी जन्मदर्ता प्रमाणपत्रको आधारमा तपसिल बमोजिमको निर्देशन पालना गरी विवरण भरी मिति २०८० फागुन २४ गते सम्ममा समष्टिगत विवरण पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. विद्यार्थीको विवरण इन्ट्रि गर्दा जन्मदर्तामा भए अनुसार पछिसम्म फरक नपर्ने गरी जन्म मिति, बाबु-आमाको नाम, थर रुजु गरी यथार्थ विवरण मात्र भर्ने,
२. विद्यार्थीको हालसालै विद्यालय पोशाकमा खिचिएको फोटो (दुबै कान देखिने गरी), कक्षा ७ उत्तीर्ण भएको ग्रेडसिट र जन्मदर्ताको प्रतिलिपि माग गरी विद्यालयमा रेकर्ड राख्ने र एक प्रति तपसिलको ढाँचामा समष्टिगत विवरण गाउँपालिकामा पेश गर्ने,

| क्र.सं | विद्यार्थीको नाम थर | लिङ्ग | जन्म मिति | बाबुको नाम थर | आमाको नाम थर | ठेगाना | रजिष्ट्रेशन नं | सिम्बोल नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

३. आधारभूत तह कक्षा (४-८) को विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० अनुसार आन्तरिक मूल्याङ्कन गरी **EMIS** मा इन्ट्रि गर्ने,
४. संस्थागत विद्यालयले समष्टिगत विवरण साथ प्रति विद्यार्थी रु. ३००।- (तीन सय रुपैया मात्र) का दरले गाउँपालिकाको **ग्लोबल आई.एम.ई बैक** कुरिनटार शाखामा रहेको विविध खर्च खाता १२१०४०१००००१४ वा कार्यालयको राजश्व शाखामा समेत जम्मा गरेको सक्कलै भौचर पेश गर्ने,
५. प्र.अ/Principal बाट प्रमाणित गरिएको विद्यालयमा पठनपाठन भएको दिनको ७५ प्रतिशत हाजिरी भएको विद्यार्थीको विवरण एकिन भएको पत्र,
६. लेटर ग्रेडिङ निर्देशिका, २०८० (संशोधन सहित) बमोजिम नतिजा प्रकाशन हुने भएकाले सो कार्यान्वयन गरी ५० प्रतिशत विषयगत आन्तरिक मूल्याङ्कन फाराम ढाँचामा मूल्याङ्कन गर्ने।

..............................
(तारापति खरेल)
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख